# शिक्षा लेख सँगालो

*(आम सञ्चार माध्यमहरूको प्रयोजनका लागि मात्र)*

वर्ष २, अङ्क ९, २०६० भदौ (Sept. 2003)

**यस अङ्कमा**

**विशेष फिचर**

१) राजनीतिक हिंसाको चपेटामा विद्यालय शिक्षा — राजाराम गौतम — पृष्ठ २

**फिचरहरू**

२) पेट पाल्ने पीडाले बिथोलेको पढाइ — भीमप्रसाद गौतम — पृष्ठ ४

३) निजी विद्यालयको शुल्कमाथि राजनीति — पदम गौतम — पृष्ठ ५

४) हचुवामा व्यवस्थापन हस्तान्तरणले बढाएको निराशा — रामेश्वर बोहोरा — पृष्ठ ६

५) नुवाकोटमा सुन्दरा प्राथमिक विद्यालयबाट सिकौं अभियान — दिनेश आचार्य — पृष्ठ ७

शिक्षालाई अरू क्षेत्रभन्दा कम महत्व दिन नहुने निष्कर्षमा पुगेका छन् समाचारपत्रहरू । यद्यपि शिक्षामा स्तरीय फिचर लेखहरूको अभाव खट्किएकै छ । *शिक्षा पत्रकार समूह* ले यही अभावलाई महसूस गरेर पत्रपत्रिका र अन्य सञ्चार माध्यमलाई निरन्तर रूपमा शिक्षाका विभिन्न मुद्दा समेटिएका फिचर लेखहरूको सँगालो उपलब्ध गराउने अभियान थालेको हो । विभिन्न सञ्चार माध्यममा सक्रिय भएर शिक्षामा चासो राख्ने र स्वतन्त्र रूपमा सक्रिय पत्रकारहरू मार्फत सकेसम्म स्तरीय लेख सामग्री जुटाइनेछ । हामीले उपलब्ध गराएको सामग्रीलाई आफ्नो पत्रपत्रिकामा स्थान दिनुभयो भने हामी आफ्नो प्रयास सार्थक भएको ठान्नेछौँ । यस सँगालोका सामग्री छापिएपछि अन्तमा शिक्षा पत्रकार समूहलाई पनि जस दिनुहुनेछ भन्ने हाम्रो विश्वास छ । प्रकाशित सामग्रीको एकप्रति यस समूहलाई उपलब्ध गराइदिनुभएमा हामीबीचको व्यावसायिक सम्बन्धले अझ झाँगिने मौका पाउनेछ । स्तरीय फिचर सेवा उपलब्ध गराउने हाम्रो प्रयास निरन्तर रहनेछ । यो फिचर सेवा एक्सनएड नेपालको आर्थिक सहयोगमा तयार भएको हो ।

***शिक्षा लेख सगालो इमेलमा उपलब्ध छ । इमेल प्राप्त गर्नको लागि सम्पर्क गर्नुहोला ।***

**सम्पादन : राजाराम गौतम**

**पत्राचारका लागि हाम्रो ठेगाना**

**शिक्षा पत्रकार समूह**

**पो.व.नं. २१८४३, फोन/फ्याक्सः ४२५७६५५**

**अनामनगर, काठमाडौ ।**

**इमेल :** ejg@ntc.net.np

## राजनीतिक हिंसाको चपेटामा विद्यालय शिक्षा

**राजाराम गौतम**

रामेछापको दोरम्बामा रहेको काकलिङ्ग माध्यामिक विद्यालय तीन हप्ता यता नखुलेका कारण कम्तीमा पाँच सय विद्यार्थीको पढाईमा अनिश्चितकालीन विराम लागेको छ। युद्धविराम भंग भएपछि गाउँमा त्रासदी बढेकाले प्रधानाध्यापक महेश खतिवडा सहित सहकर्मी शिक्षकहरू सदरमुकाममा बस्न थालेका छन्।

त्यसो त युद्धविराम नतोडिदै साउन ३२ गते शाही नेपाली सेनाले दोरम्बामा २ सर्वसाधारण सहित १७ माओवादी कार्यकर्ताको हत्या गरेपछि सो क्षेत्र तनावग्रस्त भएको थियो। माओवादीले सुराकीको आरोपमा स्वास्थ्यसेविका रेलिमाई मोक्तानको हत्या गरेकोले मन्थलीमा शरणार्थी जीवन विताइरहेका शिक्षकहरूले शान्ति पुनर्वहाली नभएसम्म विद्यालय नफर्कने जानकारी जिल्ला शिक्षा कार्यालयलाई दिइसकेका छन्।

पत्रकार तथा सिन्धुपाल्चोकको जनता माध्यमिक विद्यालयका शिक्षक ज्ञानेन्द्र खड्काको माओवादीले विभत्स हत्या गरेपछि सो विद्यालयमा अध्ययन गर्न आउने विद्यार्थीको संख्या घट्दै गएको थियो। झण्डै ५ सय विद्यार्थी पढ्ने त्यस विद्यालयमा केही दिन पहिले माओवादीले ताला लगाइदिएका छन्। यसबाट विद्यालय र विद्यार्थीको भविष्य अन्धकार भएको छ।

सरकार माओवादी वार्ता तोडिएपछि फैलिएको असुरक्षाले मुलुकको ग्रामीण तथा शहरी दुवै भेगको शैक्षिक क्षेत्र बढी प्रभावित हुन पुगेको छ। केही वर्ष अघि सुराकीको आरोपमा मारिने शिक्षक विकट पहाडी गाउँकै हुन्थे, छापामार बन्न बाध्य पारिएका विद्यार्थी पनि जिल्लाकै मात्र हुन्थे। तर अखिल क्रान्तिकारीले शैक्षिक आन्दोलनको आवरणमा शहरी क्षेत्रका निजी स्कुलमाथि आक्रमण गर्न थालेपछि राजधानी लगायत प्रमुख शहरको शैक्षिक वातावरण समेत यसबाट प्रभावित भयो।

उपत्यका बाहिरका निजी विद्यालय पुनः बन्द हुन थालेका छन्। माओवादीको त्रासले बन्द भएका करिब सात सय विद्यालयमध्ये साढे चार सय विद्यालय युद्धविरामको सात महिने अवधिमा खुलेका थिए। तर युद्धविराम भंग भएको लगत्तै अखिल क्रान्तिकारीले शैक्षिक हड्ताल गर्ने जनाउ दिएपछि ती विद्यालय पुन बन्द हुन थालेका छन्। माओवादी निकट विद्यार्थी संगठन अखिल क्रान्तिकारीले शिक्षामा व्यापारीकरण भइरहेको र त्यसको नियन्त्रणको सवाल उठायो। निजी विद्यालयले अनियन्त्रित शुल्क लिइरहेकाले त्यसको निश्चित मापदण्ड तय गरिनुपर्छ भनी एक हजार रूपैयाँ भन्दा बढी शुल्क लिन नहुने माग राखियो। सामुदायिक विद्यालयमा माध्यामिकस्तरसम्म निशुल्क शिक्षा हुनुपर्ने अडान लिए।

यस्ता थुप्रै विद्यार्थी हितकारी मागको आवरणमा अखिल क्रान्तिकारीले शैक्षिक आन्दोलन गर्ने गरेको छ। उसले उठाएका शैक्षिक सुधारका सवाल जायज नै हुने गरेका छन् तर उनीहरूले त्यतिवेला आन्दोलनलाई तेज बनाउने गरेका छन्, जतिवेला राजनीतिक शक्तिकेन्द्रहरू बीच फाटो बढेका हुन्छ। क्रान्तिकारी विद्यार्थीकै सिको गरेर अरू विद्यार्थी संगठनहरूले पनि शैक्षिक मागहरू राख्दै आन्दोलन गर्ने क्रमलाई तीव्रता दिए।

आफ्नो प्रभाव इलाकामा जनवादी शिक्षाको अभ्यास भइरहेको दावी गर्ने माओवादीले शहरी क्षेत्रमा आफनो उपस्थिति देखाउन विद्यार्थी संगठन मार्फत राजनीति गरिरहेको कुरा यस क्षेत्रका विज्ञहरूले नबुझेका होइन। क्रान्तिकारी विद्यार्थीले अघि सारेका शैक्षिक सुधारका नारा र उनीहरूबाट भएको शिक्षण केन्द्र माथिको हिंसात्मक आक्रमण हेर्दा सही अर्थमा उनीहरू शैक्षिक सुधारभन्दा पनि शहरी समाजमा आफ्नो बलियो उपस्थिति चाहन्छन् भन्ने प्रष्ट हुन्छ।

सहरी क्षेत्रको शैक्षिक क्षेत्र प्रभावित हुँदा ठूलै हिस्सा प्रभावित हुन्छ भन्ने पनि उनीहरूले राम्रैसँग बुझेका थिए। निजी विद्यालय माओवादी विद्यार्थीको तारो बन्नुको महत्वपूर्ण कारण उनीहरूको चन्दा संकलन अभियान पनि जोडिएर आएको छ। आन्दोलनका कारण ०५७ मंसिर, ०५८ जेठ र २०६० सालमा गरी निजी र सार्वजनिक विद्यालय पटकपटक बन्द भए। र, त्यसको मार विद्यार्थी र अभिभावकले खेप्नु पऱ्यो।

माओवादी जनयुद्धको कथित जनवादी शैक्षिक अभ्यासले सहरी क्षेत्रका निजी विद्यालयलाई प्रभावित पारेको कुरामा दुईमत छैन तर आठ वर्षदेखि हिंसाको ठूलो असर भोग्नेमा चाहिँ विकट पहाडी जिल्लाका विद्यालय पर्दछन्। सहरी क्षेत्रमा अखिल क्रान्तिकारीले हडताल थालेपछि धेरै सम्पन्न परिवारले आफ्ना छोराछोरीलाई भारत लगायत विदेशमा पढन पठाए तर माओवादी प्रभावित गाउँबाट विस्थापित हुनेहरूको नियति ठिक उल्टो रह्यो। उनीहरूले काठमाडौं लगायतका सहरमा मजदूरी गर्नुपरेका धेरै उदाहरण छन्। उपत्यकाका इँटाभट्टामा रोल्पा, रूकुमबाट विस्थापित भएका बालबालिकाले मजदुरी गरिरहेको सजिलै भेटिन्छ।

माओवादी विद्रोहका क्रममा स्कुल पढिरहेका र पढ्ने उमेरका डेढ सयभन्दा बढी बालबालिका माओवादीको एम्बुसमा परेर मारिएका छन् । यसरी मारिनेमा अधिकांश ग्रामीण क्षेत्रका भए पनि सहरी क्षेत्र यसबाट अछुतो नै चाहिँ छैन । हालै काठमाडौँमा स्कुल गएका १२ वर्षीय दीपक गुरूङ माओवादीले गराएको विष्फोटमा मारिए ।

सिविनको अध्ययन अनुसार जनयुद्धका कारण पढ्ने उमेरका ४ हजार बालबालिका विस्थापित, २ हजार टुहुरो र १४ देखि १८ वर्ष उमेरका ४ हजारले माओवादीको बन्दुक बोक्नुपरेको छ। माओवादी प्रभावित इलाका घुम्ने क्रममा पढाइ छाडेर छापामार बनेका थुप्रै कलिला विद्यार्थीका हातमा बन्दुक र ग्रिनेड देख्न सकिन्छ ।

रोल्पाको घर्तीगाउँमा रहेको श्रीकृष्ण माध्यामिक विद्यालयमा दश कक्षामा पढ्दै गरेका प्रेम ओली ५ वर्षअघि पढाइ छोडेर माओवादी छापामार भए। त्यसको दुई वर्षपछि उनकै बाटो पछ्याउँदै सोही विद्यालयको कक्षा सातमा पढ्ने मानबहादुर घर्तीले बन्दुक समाए। अहिले उनी माओवादीभित्र  टाइगर' उपनामले चिनिन्छन्। घर्तीगाउँकै जिविका भनिने सपना घर्तीमगर पनि कक्षा ९ मा पढ्दा पढ्दै माओवादी सांस्कृतिक टोलीमा सम्मिलित भइन् ।

जनयुद्धको सुरूवातसँगै ०५२ फागुनदेखि माओवादी प्रभावित रोल्पा, रूकुम, जाजरकोट जस्ता जिल्लाबाट सुरू भएको यो श्रृंखला अझै टुँगिएको छैन। माओवादी द्वन्द्वका कारण विकट पहाडी जिल्लाका केही विद्यालय र विद्यार्थी मात्रै होइनन्, यसले मुलुकको समग्र शैक्षिक अवस्थालाई प्रभावित पार्न थालेको छ ।

माओवादीले आफ्नो आधार इलाकाका विद्यालयमा निरीक्षण अनुगमनमा व्यवधान, विद्यालय भवन, श्रोतकेन्द्र, विद्यालय म्यापिङको काममा अवरोध, विस्थापितहरू बढ्दै गएका कारण विद्यार्थी संख्या घट्दो, शिक्षक र श्रोत व्यक्तिलाई जासुसीको आरोप, विद्यार्थीलाई छापामार बन्न प्रेरित गरिने, माओवादीका राजनीतिक कार्यक्रममा शैक्षिकस्थलको प्रयोग र शिक्षक विद्यार्थी अनिवार्य उपस्थित हुनुपर्ने उर्दी आदि समस्या ग्रामीण भेगमा पर्ने गरेको छ ।

शैक्षिक क्यालेण्डरमा असर, विद्यालयमा तालाबन्दी, शिक्षक विद्यार्थीमा मनोवैज्ञानिक त्रास, बालबालिकाको विष्फोटमा मृत्यु यी चाहिँ समान असर हुन जो ग्रामीण या शहरी दुबै भेगका शैक्षिक क्षेत्रले व्यहोर्नु परेको छ । तर माओवादीहरू आफ्नो आधार इलाकामा आफ्नो कारणले शैक्षिक स्थिति प्रभावित भएको मान्दैनन् । शिक्षण पेशाबाटै राजनीतिमा सामेल भएका रोल्पाका माओवादी पोलिटब्यूरो सदस्य कृष्णबहादुर महरा भन्छन्  "हाम्रा कारणले नियमित पढाइ नहुने विद्यालयमा पढाई भएका छन् । पढाइ रोकिएको छैन ।"

प्राध्यापक आनन्द आदित्य माओवादी विद्रोहले शैक्षिक जगतलाई पारेको क्षति नाप्न नसकिने बताउँछन् । उनी भन्छन्  "राजनीतिक हिंसाले विद्यार्थी, अभिभावक र शिक्षकलाई परेको मनोवैज्ञानिक त्रासले समग्र शिक्षालाई नकारात्मक असर पारेको छ। एउटै कक्षामा पढ्ने साथीले बन्दुक बोक्दा वा सँगै खेलिरहँदा अर्को साथी एम्बुसको शिकार भएको देख्दा कस्तो असर गर्ला ?"

राज्य र माओवादी दुबै पक्षबाट सबैभन्दा बढी प्रताडित हुनेमा शिक्षक पर्दछन्। विशेषगरी माओवादीद्वारा शिक्षकको हत्या हुने क्रम अझ रोकिएको छैन। नेपाल राष्ट्रिय शिक्षक संगठनका महासचिव बाबुराम अधिकारीका अनुसार, १३५ जनाभन्दा बढी शिक्षक जासुसी र माओवादीको आरोपमा मारिए। विस्थापित र जागिरै छोड्ने शिक्षकहरूको संख्या यकिन छैन ।

अधिकारी थप्छन्  "मुलुकमा चलेको द्वन्द्वको बढी मार शिक्षकको भागमा परेको छ। शिक्षक प्रभावित हुनु भनेको विद्यार्थी, विद्यालय, अभिभावक तथा समग्र शिक्षा पद्धति प्रभावित हुनु हो।" राज्यले माओवादीको आशंकामा शिक्षकमाथि कारवाही गर्छ भने माओवादीले सरकारी जासुस र विपरित राजनीतिक दलको सदस्य भएको आरोपमा हत्या र अपहरण गर्दछन् ।

माओवादी प्रभावित इलाका जस्तै रोल्पा स्कुलको कुरा गर्ने हो भने त्यहाँका माओवादी जग भनेकै शिक्षक छन् । धेरै शिक्षण पेशामा संलग्नहरू नै माओवादीमा लागेका थिए । सरकारद्वारा पीडित शिक्षकहरू पनि माओवादीमा समाहित भएर नेतृत्वमा पुगे । विडम्बना के छ भने फरक विचार राखेकै आधारमा शिक्षकहरू प्रताडित हुन चाहिँ छोडेको छैनन् । फरक यति हो हिजो सरकारले संजमो समर्थक शिक्षकलाई दुःख दिन्थ्यो भने अहिले त्यही संजमो रहँदै हाल माओवादी बनेका नेता कार्यकर्ताबाट अन्य पार्टी समर्थक शिक्षक प्रताडित छन् ।

*शिक्षा लेख संगालो/शिक्षा पत्रकार समूह*

# पेट पाल्ने पीडाले बिथोलेको पढाइ

**भीमप्रसाद गौतम**

चामखर्कको बालकल्याण प्राथमिक विद्यालयका १२ वर्षीय शुक्रराज तामाङ गतवर्ष विद्यालयमा कक्षा तीनको परीक्षा भइरहेको बेला आफ्ना बाबुआमासँग भक्तपुरको लिङ्गेश्वर इँटाभट्टामा काम गर्दै थिए। उनी यो वर्ष पनि ३ कक्षामै भर्ना भए। कक्षा अनुत्तीर्ण भएर होइन, ६ महिना विद्यालय अनुपस्थित हुनुपरेका कारण उनले पुनः त्यही कक्षा दोहोऱ्याउनु पऱ्यो। परीक्षा छुटेपछि एउटै कक्षामा झुण्डिरहने वाध्यता शुक्रराजको मात्रै भने होइन, विष्णुकुमारी, होमबहादुर, सूर्यमाया, गंगा लगायतका अधिकांश चामखर्कका बालबालिकाको नियति उस्तै छ।

चामखर्क राजधानीसित जोडिएको काभ्रे जिल्लाको पनौती नगरपालिका ४ मा रहेको छ। यहाँका बासिन्दाको गाउँमै आयआर्जनको बाटो नहुँदा उनीहरू हात मुख जोर्नकै लागि मंसिरदेखि बैशाख महिनासम्म घरमा झ्यालढोका थुनेर बालबच्चासहित उपत्यकाका इँट्टाभट्टामा काम गर्न जाने गर्छन्। ६ महिनासम्म झक्तपुरको लिङ्गेश्वर इँट्टाभट्टमा काम गरेर फर्किएका शुक्रामका बाबु डम्बरबहादुर भन्छन् "छोराछोरी पढाउने इच्छा भए पनि हातमुख जोर्ने समस्याले थिचेको छ। पहिले पेट त पाल्नु पऱ्यो नि त्यसपछि सकिएछ भने पढाउँला।"

भौगोलिक हिसाबमा चामखर्क नगरपालिकामा रहेको एउटा सुगम गाउँ हो तर यहाँ वर्ष भरी खानै नपुग्ने डम्बरबहादुर जस्ता थुप्रै छन्। डम्बरबहादुरको जस्तो पीडा, व्यथा र बाध्यता चामखर्कमा रहेको ५२ परिवारलाई छ। अधिकांश तामाङहरूको बाहुल्य रहेको सो बस्तीमा ७२ परिवार बसोवास गर्छन्। हरेक वर्ष जतिखेर यी परिवार आफ्नो पूरै बालबच्चासहित कमाउनको लागि भक्तपुरका इँटाभट्टामा जाने गर्छन्, त्यतिखेरै स्थानीय विद्यालयले दोस्रो र अन्तिम परीक्षा लिइरहेको हुन्छ।

यसरी २/३ कक्षासम्म दोहोऱ्याइ, तेहेऱ्याइ पढाइ नै छोड्ने धेरै युवा यहाँ भेटिन्छन्। चामखर्कका तामाङ समुदायबाट एसएलसी पास गर्ने पदमा तामाङ भन्छिन् "विपन्नताले गर्दा यहाँका सयौँ बालबालिकाको भविष्य अन्धकारमा छ।" पदमा तामाङ अहिले स्थानीय बालकल्याण प्रा.वि.मा परिचरको लागि आएको आठ सय तलव लिएर पढाउने गर्छिन्।

बाबु आमासँगै इँटाभट्टामा गएका कारण गत वर्ष सो विद्यालयमा अध्ययनरत ६१ जना छात्रछात्रामध्ये २२ जना मात्र अन्तिम परीक्षामा सामेल भए भने यो वर्ष चामखर्कमा रहेका एकसय बालबालिकामा ४५ जना विद्यालय भर्ना भएका छन्। शिक्षक पदमाका अनुसार परीक्षा छुटेका कारण यो वर्ष मात्र १० जनाभन्दा बढी बालबालिकाले पढाइ नै छाडिदिए।

पनौती नगरपालिकाले सो क्षेत्रका बालबालिकालाई शिक्षातर्फ आकर्षित गर्नको लागि निःशुल्क रूपमा स्टेशनरी सामान उपलब्ध गराउँदै आएको छ तर पनि यहाँका बालबालिकाहरू शिक्षातर्फ आकर्षित हुन सकेका छैनन्। पनौती नगरपालिका कार्यकारी अधिकृत कृष्णप्रसाद रूपाखेतीका अनुसार, चामखर्कबासीलाई गाउँमै रोजगारीको व्यवस्था गर्न सकेमात्र उनीहरूको जीवनस्तर उकासिने र बालबालिका अध्ययनतर्फ आकर्षित हुन सक्छन्।

पनौतीको टौखालबाट ४५ मिनेटमा पुग्न सकिने यहाँ जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका/जेएमए)ले एउटा विद्यालयको भवन निर्माण गरिदिएको छ। त्यहाँ मोटरबाटो र बिजुलीको सुविधा पनि पुगेको छ। तर विडम्बना यहाँका करिव ९५ प्रतिशत जनता आज पनि साउँ अक्षर समेत चिन्दैनन्।

काभ्रेकै समरथली गाविस ४ चौथलीको पीडा चामखर्कको जस्तै छ। सो गाउँका माझी वालवालिकाहरूको अवस्था पनि कहालीलाग्दो छ। परम्परागत माछा मार्ने पेशाबाट गुजारा चल्न छाडेपछि सो गाविसका अधिकांश माझीहरू आफ्ना बालबच्चासहित काठमाडौँ उपत्यकाका विभिन्न इँट्टाभट्टाहरूमा काम गर्न जाने गरेका छन्।

गाविसमा रहेका ३५ घरधुरीमध्ये ३० घरधुरी इँट्टा पार्न जाने गरेको शुष्मा माझी बताउँछिन्। शुष्मा माझी र जीवन माझीले प्रवेशिका परीक्षा पास गरी माझी परिवारको इज्जत बढाएका छन। उनीहरूका अनुसार, बल्लतल्ल १० जना मात्र माझी बालबालिकाहरू विद्यालय जाने गरेका छन्। ५० भन्दा बढी बालबालिकाहरू भने विद्यालय जानबाट बञ्चित रहेका छन्।

विद्यालय जाने बालबालिका पनि बाबुआमासँग इँट्टा पार्न ६ महिनासँगै जाने भएकोले बालबालिकाको दोस्रो र अन्तिम परीक्षा छुट्न गई एउटै कक्षामा बर्षौसम्म झुण्डिने र अलि ठूलो भएपछि गरिबीको रेखामुनि रहेका माझीहरूले ती बालबालिकाहरूलाई भट्टामै काम लगाउने हुनाले बीचमै विद्यालय छोड्ने गरेका छन्। गरिबीको रेखामुनि रहेका माझीहरूको जीवनस्तर उकास्ने गरी हालसम्म कुनै सरकारी तथा गैरसरकारी संस्थाबाट कार्यक्रम सञ्चालन हुन सकेको छैन।

सन् २०१५ सम्ममा सरकारले सबैको लागि शिक्षा पुऱ्याइसक्ने लक्ष्य राखेको भए पनि सो स्थानमा कुनै कार्यक्रम सञ्चालन हुन नसकेको काभ्रेका जिल्ला शिक्षा अधिकारी लोकप्रसाद उपाध्याय बताउँछन् । उनी थप्छन् "इँट्टा पार्ने कुन ठाउँमा बालबालिका जान्छन् भन्ने थाहा छैन, एकै ठाउँमा जाने भए एक/दुई शिक्षक खटाएर ती वालवालिकाहरूलाई शिक्षा दिलाउन सकिन्थ्यो ।"

*शिक्षा लेख संगालो/शिक्षा पत्रकार समूह*

⁂

# निजी विद्यालयको शुल्कमाथि राजनीति

**पदम गौतम**

निजी विद्यालयलाई नियमको परिधिभित्र ल्याउन पटक पटक आयोग, कार्यदल, समिति गठन गरिँदा पनि अहिलेसम्म सरकारले स्पष्ट नीति कोर्न सकेको छैन । पछिल्लो पटक असार २८ गते शिक्षा विभागका निर्देशक जनार्दन नेपालको संयोजकत्वमा गठित शुल्क निर्धारण सम्बन्धी कार्यदलले आफ्नो प्रतिवेदन छिट्टै नै सार्वजनिक गर्दैछ । तर सरकारले प्रतिवेदन लागू गर्न नसक्ने स्थिति दोहोरिन सक्ने सम्भावना बारे प्रतिवेदन सार्वजनिक गरिनुपूर्व नै चर्चा चल्न थालेको छ ।

प्रतिवेदन अनुसार सरकारले निजी विद्यालयलाई शुल्क लिन वाध्य पारेमा निजी विद्यालयका सञ्चालकको विरोध खेप्नुपर्ने हुन्छ । अर्कोतिर प्रतिनिधित्वका विषयमा देखा परेका विवादले कार्यदलको प्रतिवेदन लागू गर्ने प्रयास गरिएमा फेरि निजी विद्यालयका लगानीकर्ताहरूबीच नै दीर्घकालीन विवाद सुरू हुने स्थिति बनेको छ ।

सर्वसाधारण जनताको स्तर भन्दा माथिल्लो स्तरमा शुल्क असुली गरेको र गुणात्मकताको नाममा शिक्षालाई महँगो बनाएको आरोप निजी विद्यालयहरूलाई लाग्ने गरेको छ । निजी विद्यालयहरूलाई नियमन भित्र ल्याउँने ठोस पहल हुन नसकेपनि विगतदेखि नै पटक पटक विद्यार्थी आन्दोलनको निम्ति यो एउटा ठूलो मसला बनेको छ । निजी विद्यालयहरूमाथि विद्यार्थी संगठनहरूले बारम्बार आन्दोलन मार्फत प्रहार गर्ने गरेका छन् । यद्धपि व्यवशायको स्वाद चाखिसकेका विद्यालय सञ्चालकहरू कुनै कडा परिधिमा आउन चाँहदैनन् । "सरकारको लागि त निजी विद्यालयलाई नियमनमा ल्याँउनु बिरालोको घाँटीमा घण्टी झुण्ड्याउनु सरह चुनौतिपूर्ण देखिन थालेको छ" निजी विद्यालयको एक संगठन एनप्याब्सनका महासचिव अर्जुनबहादुर अधिकारी भन्छन् । नभन्दै समाजमा राम्रो उपस्थिति र नीति निर्माणमा सार्थक हस्तक्षेप गर्ने क्षमता राख्ने निजी बिद्यालयसँग संबद्ध दर्जनौ आन्दोलन र आधा दर्जन समिति निर्माण पछि पनि सरकार प्रष्ट छैन ।

जनार्दन नेपालको संयोजकत्वमा कार्यदल गठन हुँदा पहिले गठित एक समितिले प्रतिवेदन बुझाएको तीन साता मात्रै भएको थियो । पूर्व शिक्षा सचिव जयराम गिरीको संयोजकत्वमा गठित सो समितिको प्रतिवेदन सर्वस्वीकार्य नभएपछि सरकारले नै सो समतिको प्रतिवेदन लागू नगरी अर्को कार्यदल बनायो । वर्तमान कार्यदलमा सदस्य रहेका नेविसंघका महामन्त्री गगन थापा भन्छन् शुल्कका विषयमा गिरी आयोग सर्वस्वीकार्य भएन, त्यसैले यो कार्यदल गठन गर्नुपरेको हो ।' थापा अब निजी विद्यालयबारे माग राखेर आन्दोलन गर्नुभन्दा पनि कार्यदलको प्रतिवेदन लागू गर्न दवाव दिने पक्षमा छन् । कार्यदल संयोजक नेपाल पनि कम मूल्यमा गुणात्मक शिक्षाको आदर्श कार्यदलले अनुशरण गरेको बताउँछन् । तर नेपाल र थापाले भने झै स्थिति सजिलो छैन ।

सरकार माओवादी युद्धविरामकै अवधिमा कार्यदल गठन भएपनि कार्यदलमा अनेरास्ववियु (क्रान्तिकारी)लाई समावेश गरिएको थिएन । सो विद्यार्थी संगठनले कुनैपनि समय आफनो छुट्टै माग राखेर आन्दोलन गर्नसक्छ । यस अघिको गिरी आयोगको प्रतिवेदन समेत संगठनले जलाएको थियो । हाल प्रतिबन्धित अवस्थामा रहेपनि सो संगठनले यसै अवस्थामा निजी विद्यालयमाथि आन्दोलन र प्रहार गर्ने धम्की दिइसकेको छ ।

विद्यार्थी संगठनबाट मात्र हैन, विद्यालय सञ्चालकहरूबीच पनि कार्यदलप्रति मतैक्य छैन । सरकारले अर्जुनबहादुर अधिकारी महासचिव रहेको एन प्याब्सनलाई मान्यता दिई कार्यदलमा राखेर एघार सदस्यीयबाट बाह्र सदस्यीय बनाएको आरोपसहित गीता राणाले कार्यदलको बैठक बहिष्कार गरेकी थिइन् । राणा समूहको एन प्याब्सनका सदस्यसचिव कर्णबहादुर शाही भन्छन् यो कार्यदलको प्रतिवेदन सर्वस्वीकृत हुँदैन । क्रान्तिकारी विद्यार्थीको मात्र हैन, हाम्रो समेत प्रतिनिधित्व छैन ।'

कार्यदलका संयोजक नेपाल, सुरूमा एघार सदस्यीय कार्यदलमा एनप्याब्सनको एउटा समूहको प्रतिनिधित्व नभएको कुरा उठेपछि अधिकारी समूहलाई थपिएको बताउँछन्। उनका अनुसार राणा समूहको बिरोध र बहिस्कार पछि फेरि काम गर्दा गर्दै अधिकारीलाई हटाइएकोले कार्यदल दश सदस्यीय भयो। गीता राणा समूहले भने गिरी आयोगले सिफारिस गरेभन्दा कम विद्यालय शुल्कको सीमा आफूलाई मान्य नहुने बताइसकेको छ।

विद्यार्थी आन्दोलनको समयमा ब्यापक जनचासोको विषय बनेको निजी बिद्यालयको शुल्क के आधारमा निर्धारण गर्ने, प्रक्रिया कस्तो होला भन्ने जिज्ञासा अन्यौलमा छ। वर्तमान कार्यदलका एक सदस्य भन्छन्  रकम सोझै तोक्दा विवाद पर्न सक्ने भएको कारण हामी रकम तोक्ने सिफारिश गर्दैनौं। उनका अनुसार, जिल्ला शिक्षा समितिले आफनो जिल्लामा फरक फरक शुल्क समिति गठन गर्ने र भौतिक सुविधा, गुणस्तर तथा छात्रवृत्तिको अनुपात हेरेर जिल्लास्तरमा नै शुल्क निर्धारण गर्न सुझाव दिनेछ।

यसअघि २०५५ सालमा शिक्षाविद् डा.तीर्थराज खनियाँको अध्यक्षतामा गठित निजी क्षेत्रका विद्यालयहरूको व्यवस्थापनसम्बन्धी अध्ययन समूहले समेत यस्तै प्रतिवेदन दिएको थियो। सो समूहले निजी विद्यालयको भूमिका र अपरिहार्यतालाई आधिकारिक रूपमा पहिलो पल्ट स्वीकार्दै निजी विद्यालयबारे स्पष्ट बन्न सरकारलाई घच्घच्याएको थियो।

पूर्व सचिव जयराम गिरी संयोजक रहेको संस्थागत विद्यालय शुल्क निर्धारण एवम् व्यवस्थापन सुधार सुझाव समिति'ले रकम तोकेरै सहरी र ग्रामीण क्षेत्रमा फरक फरक शुल्क लागू गर्नुपर्ने सुझाव दिएको थियो। जस अनुसार, प्राथमिक विद्यालयमा ग्रामीण क्षेत्रमा ५ सय ५० र शहरी क्षेत्रमा ७ सय ५०, निम्न माध्यमिक विद्यालयमा ६ सय ५० र ८ सय ५० तथा माध्यमिक विद्यालयमा ७ सय ५० र ९ सय ५० रूपैयाँ शुल्क सीमा तोकिएको थियो।

यस बर्गीकरणलाई विद्यार्थी संगठनका नेताहरू र कतिपय नागरिक समाजका प्रतिनिधिहरूले अस्वीकार गरेका थिए। वर्तमान कार्यदलमा केही समय काम गरेका एन.प्याब्सनका अधिकारीको टिप्पणी थियो  "गिरी आयोग त ठूला स्कुलहरूको ब्रम्हलुट गर्ने कामलाई बैधानिकता दिने माध्यम मात्रै बन्यो।"

विगतका समिति, आयोग र अध्ययन समूहका प्रतिवेदन भन्दा यो प्रतिवेदन के कुरामा फरक हुन्छ त ? यसको प्रष्ट जवाफ कसैसंग छैन। कार्यदलको बैठकमा धेरै पटक भाग लिएका अनेरास्ववियूका सचिव ठाकुर गैरे शिक्षालाई शिक्षाकै रूपमा हेर्नुपर्ने मान्यता स्थापित गर्न आफूहरू लागी परेको बताउँछन। निजी विद्यालयप्रति विद्यार्थीहरू भन्दा बढी कार्यदलका अन्य सदस्यहरू उदार भएको टिप्पणी उनको छ। हामी घुमाउरो पाराले गरिने शोषण र मानोमानीको नियन्त्रण गर्नसक्ने प्रतिवेदन बनाउन लागेका छौ। सवैले वस्तुगत स्थिति स्वीकार गर्नुपर्छ'  उनले भने।

तर आन्दोलनले विगतमा संकेत गरे झै कुनै सजिलो बाटो प्रतिवेदनले ल्याउँदैन भन्ने कुरामा सवै एकमत छन्। अभिभावक संघका अध्यक्ष सुप्रभात भण्डारी कम आशावादी हुँदै भन्छन्  "कार्यदलले दिएको प्रतिवेदनको कार्यान्वयन नै ठूलो चुनौती हो। प्रतिवदेनको सुझाव राम्रो भएपनि अलपत्र पर्दैन भन्न सकिँदैन।"

*शिक्षा लेख संगालो/शिक्षा पत्रकार समूह*

# हचुवामा व्यवस्थापन हस्तान्तरणले बढाएको निराशा

**रामेश्वर बोहोरा**

बाँके जिल्लाको वागेश्वरी गाविसको धौलागिरीमा रहेको नेपाल राष्ट्रिय प्राथमिक विद्यालय भवन भत्किनै लागेको छ। पानी चुहिने सानो कोठामा कोचाकोच विद्यार्थी पढाइने गरिएको छ। यहाँसम्मकी दयनीय आर्थिक अवस्थाले गर्दा विद्यालयले अहिलेसम्म साइनबोर्ड समेत बनाउन सकेको छैन।

एक वर्षअघि सो विद्यालयको व्यवस्थापनको जिम्मा समुदायलाई हस्तान्तरण गरिँदा धेरैले सुधारको अपेक्षा गरेका थिए। तर यो अवधिमा विद्यालयको भौतिक दरिद्रता उस्तै रह्यो। पठन पाठनमा पनि खासै सुधार आएन। विद्यालयकै प्रधानाध्यापक देवानसिंह थापा नै यो कुरा स्वीकार्न तयार छन्। भन्छन्  "समुदायले विद्यालयको व्यवस्थापन जिम्मा लिँदा समेत शैक्षिक, भौतिक अवस्थामा कुनै सुधार आएन।"

बाँकेमा सरकारले आठवटा प्रावि समुदायलाई हस्तान्तरण गर्ने लक्ष्य लिएको छ । सरस्वती प्रावि पिपरी, नेराप्राविनिबुवा, नेराप्राविधौलागिरी, पशुपति प्राविगौरीनगर र सिंहभावनी प्राविबनकटुवाको व्यवस्थापनपको जिम्मा समुदायले लिएको छ भने तिर्खा प्राविराधापुर, भानुदय प्राविसीतापुर र नेराप्राविपिप्रहवा चाहिँ हस्तान्तरण गरिसकिएको छैन । आशा र अपेक्षा अनुरूप समुदायले व्यवस्थापनको जिम्मेवारी लिएपछि पनि सुधारतिर उन्मुख नभएको विद्यालय यो मात्रै होइन, बाँकेमा समुदायलाई व्यवस्थापन हस्तान्तरण गरिएकामध्ये पाँचवटा विद्यालय कुनैको पनि परिणाम सन्तोषजनक छैन ।

विद्यालय समुदायमा हस्तान्तरण भएपछि समग्र शैक्षिक स्थितिमासुधार आउने सरकारी आश्वासनले अभिभावकहरू आकर्षित थिए । सरकारी विद्यलायको शैक्षिक स्तर खस्किदै गएको बेला सरकारको नयाँ नीतिप्रति अभिभावकहरू अशावादी बन्नु स्वाभाविकै पनि थियो । विद्यालयमा शिक्षकको नियुक्ति देखि पठनपाठनको स्थितिमा ध्यान दिने कामसम्म समुदायले गर्न पाउने मात्रै होइन, हस्तान्तरण भएका विद्यालयलाई वार्षिक एक लाख रूपैयाँ आर्थिक अनुदान दिने निर्णयले झनै आशा जगायो । स्थानीय अभिभावक बिष्णु प्रसाद पौडेल विद्यालयका सबै गतिविधिमा समुदायले निगरानी गर्ने भएपछि र साधन श्रोत पनि बढ्ने भएकाले आफूहरू जिम्मेबारी लिन कस्सिएको बताउँछन् । उनी नेराप्राविधौलागिरीका व्यवस्थापन समितिका सदस्य हुन् ।

समुदायलाई हस्तान्तरण भएका विद्यलायलाई एक लाख रूपैयाँ आर्थिक अनुदान दिने सरकारी घोषणा एक वर्ष बितिसक्दा पनि घोषणामै सीमित छ । यसले गर्दा उत्साहित भएर विद्यालय व्यवस्थापनको जिम्मेबारी लिएको समुदाय निराश बनेको छ । “त्यो अनुदान पाइएला र धेरै काम गरौला भन्ने ठूलो आशा थियो” नेराप्राविधौलागिरीका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष जीवनाथ सापकोटा भन्छन् “सो रकम पाइएको भए विद्यालयको भौतिक अवस्था सुधार्ने, शैक्षिक सामग्री थप्ने योजना थियो ।”

तर बाँकेका जिल्ला शिक्षा अधिकारी चोलेन्द्रकुमार पण्डित मन्त्रालयबाटै अलिहेसम्म सो रकम नआएकाले विद्यलायहरूलाई उपलब्ध गराउन नसकिएको बताउँछन । उनी थप्छन् “आउने वित्तिकै हामी विद्यालयमा रकम पठाइहाल्छौं तर त्यो कहिले आउने हो र कहिले विद्यालयमा पठाइने हो, कुनै टुंगो छैन ।”

विद्यालयको व्यवस्थापन समुदायमा हस्तान्तरण गरिएको बारे बाँकेको समुदायका अधिकांश व्यक्ति अलिहेसम्म बेखर छन् । समुदायका केही टाठाबाठा व्यक्तिहरूले हस्तान्तरणको जिम्मा त स्वीकारे तर समुदायका अन्य व्यक्तिहरूलाई अहिलेसम्म जानकारी छैन ।

अध्यक्ष सापकोटा सो कुरालाई स्वीकार्दै समुदायमा त्यही अवस्था रहेको बताउँछन् । भन्छन “धेरैलाई यसबारे थाहा नै छैन । अहिले विद्यालयको व्यवस्थापनमा चासो देखाउने नौ सदस्य विद्यालय व्यवस्थापन समिति छ, त्यसभन्दा बाहेक अरूलाई यसबारे खासै जानकारी छैन ।”

आवश्यक पूर्वाधार तयार नगरी विद्यालय व्यवस्थापन समुदायमा हस्तान्तरण गरेमा शैक्षिक स्थितिमा सूधार आउनु साटो झन बिग्रिने बुझेर निवेदन दर्ता गरिसकेका तीन विद्यालयको व्यवस्थापन समितिले पनि जिम्मेवारी नलिने निर्णय गरे । व्यवस्थापन स्वीकार्ने समुदाय पनि अहिले “विना पूर्वाधार हल्लैहल्लामा हस्तान्तरण गरियो” भनी पछुताएका छन् । समुदायलाई हस्तान्तरणभन्दा पहिले आवश्यक पूर्वाधार तयार पारिनुपर्ने उनीहरूको राय छ ।

हस्तान्तरण भइसकेका विद्यालयहरूको अवस्था जस्ताको तस्तै रहेपछि र सुध्रिने कुनै संकेत नदेखिएपछि उनीहरूले व्यवस्थापनको जिम्मा लिन नचाहेको बुझिन्छ । जिल्ला शिक्षा कार्यालयले पटक पटक आग्रह गर्दा पनि ती विद्यालयको व्यवस्थापन समुदायले लिएका छैन ।

जिल्ला शिक्षा अधिकारी चोलेन्द्र कुमार पण्डितका अनुसार तीन विद्यालयले अहिलेसम्म व्यव्सथापनको जिम्मेबारी स्वीकारेका छैनन् । तर यसको कारण अहिलेसम्म आफूले थाहा नपाएको उल्लेख गर्दै उनले भने “के कारणले लिन नचाहेका हुन, उनीहरूले केही भनेको छैनन् ।”

*शिक्षा लेख संगालो/शिक्षा पत्रकार समूह*

## नुवाकोटमा सुन्दरा प्राथमिक विद्यालयबाट सिकौ अभियान

**दिनेश आचार्य**

गाउँलेको सहयोगमा गतवर्ष आफूले सुरू गरेको बाटो पछ्याउनेहरूको संख्या बढेपछि सुन्दरा प्राथमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष भरतप्रसाद अधिकारी खुशी भएका छन् । गतवर्ष आफू अध्यक्ष भएको विद्यालयको सम्पूर्ण व्यवस्थापन गाउँलेले नै जिम्मा लिएर चलाउने निर्णय गर्दा वरिपरिको स्कुलका प्रधानाध्यापक र अध्यक्षहरूले उनको सो प्रयासलाई पागलपन र बेकारको दुःख बेसाएको भनी टिप्पणी गरेका थिए ।

यतिखेर उनका प्रयासलाई सबैले सत्कार्य मात्र भनेका छैनन्, गाउँवासी सबैले सहयोग पनि गरेका छन् । जसका कारण तुप्चे गाउँका अन्य तीनवटा विद्यालय पनि समुदायले जिम्मा लिन इच्छा देखाएको छ । तुप्चे गाउँका तीनसहित नुवाकोटमा विद्यालय व्यवस्थापन जिम्मा लिन इच्छुक समुदायको संख्या दुई दर्जन पुगेको छ ।

सुरूमा सरकारले कुनै सहयोग उपलब्ध नगराए पनि आफैले विद्यालय सञ्चालन गर्ने दृढ इच्छा बोकेर विद्यालयको व्यवस्थापन जिम्मा लिएका सुन्दरा प्रा.वि.का अभिभावकहरू अब सरकारबाट एकलाख अनुदान सहयोग पाउने भएपछि निकै खुसी भएका छन् ।

“व्यवस्थापकीय जिम्मेवारी लिइसकेपछि विद्यालय सञ्चालनको लागि कुनै समस्या परेको छैन । अभिभावकहरूमा जिम्मेवारीबोध भएकोले सानोतिनो समस्यामा पनि सबैको सहयोग प्राप्त भइहाल्छ” सुन्दरा प्रा.वि.का व्यवस्थापन समिति अध्यक्ष अधिकारीले भने ।

अव्यवस्थित रूपमा जसोतसो सञ्चालन हुँदै आइरहेका सरकारी विद्यालयहरूको सञ्चालनमा समुदायको प्रत्यक्ष सहभागिता जनाई विद्यालयको सम्पूर्ण व्यवस्थापन समुदायलाई नै हस्तान्तरण गर्ने सरकारी अवधारणा बमोजिम हस्तान्तरित एउटा विद्यालयको नमूना कार्य देखेपछि नुवाकोटमा विद्यालयको सम्पूर्ण व्यवस्थापन जिम्मेवारी लिएर सञ्चालन गर्ने उत्साहको लहर बढेको हो ।

जिल्ला शिक्षा कार्यालय (जिशिका) नुवाकोटले इच्छुक समुदायलाई विद्यालयको व्यवस्थापन जिम्मेवारी लिनको लागि गत महिना प्रस्ताव आह्वान गर्दै सूचना प्रकाशित गरेको थियो । सो सूचना बमोजिम भदौ ७ गतेसम्म १५ विद्यालयले प्रस्ताव पेश गरिसकेको जिशिका नुवाकोटले जनाएको छ । तर पहिले निर्धारित म्याद सकिएपछि पनि विद्यालयको व्यवस्थापन जिम्मेवारीको माग गर्दै कार्यालयमा आउनेहरूको संख्या भने उल्लेख्य रहेको शिक्षा कार्यालयले जनाएको छ ।

निमित्त जिल्ला शिक्षा अधिकारी दिलनाथ पुरी भन्छन् “शिक्षा विभागले यस सम्बन्धी म्याद पुनः थप्ने संकेत देखाएकोले पछि आउनेहरूलाई पनि सम्पर्कमा रहिरहन भनिएको छ ।” “जसरी पनि विद्यालय हामीले नै चलाउनुपर्ने भएपछि व्यवस्थापनको पूरै जिम्मेवारी लिने निर्णय गरेका हौँ” भर्खरै विद्यालयको व्यवस्थापन जिम्मेवारी हस्तान्तरणको लागि प्रस्तावपत्र पेश गरेका च्वाडी माध्यामिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष उपेन्द्रबहादुर ओझाले बताए । ओझाका अनुसार यस किसिमको खबर गाउँ गाउँका विद्यालयका अभिभावकहरूमाझ पुग्नै पाएको छैन ।

शिक्षा कार्यालय र शिक्षकका बर्गीय संगठन तथा शिक्षकहरूले यस अवधारणाको विरोध गर्दै आइरहेको र असहयोग समेत गर्ने गरेको पनि व्यवस्थापन समितिले जनाएको छ । ओझा भन्छन् “व्यवस्थापनको जिम्मेवारी समुदायलाई हस्तान्तरण गर्ने सरकारी नीतिलाई शिक्षकहरूले सहयोग गर्ने गरेका छैनन् ।” उनका अनुसार हस्तान्तरण भएपछि अभिभावकको निर्देशनमा चल्नुपर्छ भन्ने ठानेर शिक्षकहरू यथास्थितिमै रहन बल गर्छन् ।

“अझ अघिल्लो वर्ष त शिक्षा कार्यालयले यस बारेमा कसैलाई पनि थाहै दिएन । स्थानीय पत्रिकामा सानो सूचना निकालेर औपचारिकता मात्र पूरा गर्‍यो । विद्यालयमा समेत एउटा पनि पत्र पठाएन । यस्तो अवस्थामा कसरी समुदाय क्रियाशील हुन सक्छन्” देउराली गाविसस्थित भुमेदेवी माध्यामिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष गोङ्जेन तामाङ भन्छन् ।

अघिल्लो वर्ष यो कार्यक्रम गुपचुपमै रहेको भए पनि केही महिना अघि शिक्षा पत्रकार समूहले जिल्लामा यस सम्बन्धी कार्यक्रमको आयोजना गरेपछि मात्र सबै समुदायमा यस सम्बन्धी जानकारी पुगेको तामाङ बताउँछन् । तामाङले भने “सरकारी पक्षबाट खासै सहयोग प्राप्त नहुँदा पनि हामीले दुःख गरेर चन्दा उठाएर स्कुल चलाइराखेका छौँ । त्यसैले यसवर्ष सबैको सल्लाहमा व्यवस्थापकीय जिम्मेवारी लिने निर्णय गर्‍यौँ ।”

शिक्षा कार्यालयका अनुसार १५ विद्यालयलाई व्यवस्थापन हस्तान्तरणका लागि सिफारिश सहितको पत्र शिक्षा विभागमा पठाइसकिएको छ भने अन्य इच्छुक विद्यालयहरूको लागि विभागको निर्देशन कुरेर बसेको शिक्षा कार्यालयले जनाएको छ ।

“यसपटक गाउँलेहरू निकै उत्साहित भएर आएका छन्। साँच्चै प्रचार प्रसारले प्रभाव पारेजस्तो छ। यो उत्साहलाई मर्न दिनुहुँदैन” निमित्त जिशिअ पुरीले भने। यस पटक प्रस्ताव पेश गर्न आएका विद्यालयहरूले सम्बन्धित गाविसको सिफारिश, व्यवस्थापन समितिको निर्णय र अभिभावक भेलाको सहमति लिएर आएको पुरी बताउँछन्।

प्रक्रिया पूरा गरेर प्रस्ताव पेश गर्ने विद्यालयहरूमा दुईपिप्ले गाविसका तिलकेश्वर प्रा.वि., मालिका प्रा.वि., पञ्चासे प्रा.वि. र कामरूदेवी मा.वि. रहेका छन्। त्यसैगरी अन्य विद्यालयहरूमा सूर्यमति नि.मा.वि., ढाँडखर्क, च्वाडी मा.वि. विदूर, पञ्चकन्या प्रा.वि. पञ्चकन्या, वागेश्वरी मा.वि. चेगदे, शक्ति मा.वि. मदानपुर, पञ्चकन्या प्रा.वि. सूर्यमती, भुमेदेवी मा.वि. देउराली र स्याउरेभुमे मा.वि. सिक्रे छन्। यसबाहेक अन्य १० भन्दा बढी विद्यालयले व्यवस्थापकीय जिम्मेवारी लिने इच्छा देखाएर सल्लाह लिन आएको पनि जिशिअ पुरीले बताए।

*शिक्षा लेख संगालो/शिक्षा पत्रकार समूह*

)()(